**Nepali**

*नमस्ते ।*

*यो सन्देश सुपरिन्टेन्डेन्ट मरीन बीनियण्डाको तर्फबाट पठाईएको हो । भोली, डिसेम्बर १७ तारीकका दिन हिमआँधी आउने पूर्वानुमान गरिएको विषयमा थप जानकारी दिन फोन गरेकी हुँ ।* ***सम्पूर्ण विद्यार्थीहरू र कर्मचारीहरूका लागि भोली पूरै दिन रिमोट सिकाईको दिन हुनेछ ।*** *यदि वुस्टर पब्लिक स्कूल्सले सम्पूर्ण अथवा शहर भरीमा ५०%* भन्दा बढी कनेक्टिभिटि (रिमोट लर्निङ्गको लागि आवश्यक सम्पर्क) गुमाएमा, म सम्पूर्ण कर्मचारी र वुस्टर पब्लिक स्कूलका परिवारहरूलाई स्नो डे (हिउँ परेको दिन) को कारण स्कूल विदा दिईएको बारे कनेक्ट–एड सन्देश पठाउने छु र सो दिन छुटेको पढाई जून २०२१ मा पूरा गरिनेछ ।

*भोली खाना वितरण हुने छैन । खाना आज साँझ ४ बजे देखि ६ बजे सम्म वितरण गरिने छ, धेरै दिनको लागि पुग्ने गरी खाना लिन प्रोत्साहित गरिने छ । कृपया वुस्टर पब्लिक स्कूल्सको वेबसाईट,* WorcesteSchools.org *मा हेर्नुहोस् । निर्धारित तालिका अनुसार खाना लिने काम शुक्रबार पुनः सुचारु हुनेछ ।*

*कृपया आफ्नो बच्चालाई स्कूल फर्किन तयार बनाउनु होस् । यो शुक्रबार, डिसेम्बर १८ तारीकका दिन बर्नकोट मिडल स्कूलको केफेटेरिया, सुलिभान मिडल स्कूल्सको केफेटेरिया, र वुस्टर मिडल स्कूलको फ्लावर स्ट्रिटबाट भित्र छिर्ने जिममा फ्लू खोपको क्लिनिकहरू विहान १० बजे देखि दिउँसो २ बजे सम्म सञ्चालन हुनेछन् । स्कूल खुले पछि विद्यार्थीहरू स्कूल फर्किनको लागि फ्लू शट र खोपहरू अनिवार्य लगाएको हुनु पर्नेछ । थप जानकारीको लागि हाम्रो वेबसाईटमा हेर्नुहोस् वा आफ्नो स्कूलको नर्सलाई फोन गर्नुहोस् ।*

*सुरक्षित रहनु होला ।*